# साना व्यवसायिक कृषि फार्म स्थापना तथा विस्तार कार्यक्रम संचालन मापदण्ड, २०७७

**प्रस्तावना:** निर्वाहमुखी कृषिलाई व्यवसायीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि मार्फत व्यवसायिक कृषि प्रणालीको प्रबर्धन गर्न साना व्यवसायिक कृषि फार्म स्थापना र विस्तार कार्यक्रम संचालन गर्ने उद्देश्यले "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

## १. प्राविधिक पक्ष

(क) कार्यक्रम संचालनबाट उत्पादन लागत घटाउने, उत्पादकत्व बढाउने र कृषि कार्यमा सहजता ल्याउने प्रविधिहरु प्रयोग भएको हुनुपर्नेछ।

(ख) यो कार्यक्रम कृषिसँग सम्बन्धित फर्म, कम्पनी, समुह वा सहकारी संस्था मार्फत संचालन हुनेछ। कृषक समुह तथा सहकारीबाट कार्यक्रम संचालन गर्दा सामुहिक रुपमा खेती तथा व्यवसाय संचालन गर्नुपर्नेछ।

(ग) कार्यक्रम संचालनबाट स्थापना हुने व्यवसायिक फार्मको आकार देहाय अनुसार पुग्नुपर्नेछ। व्यवसाय विस्तार गर्ने फार्मको हकमा पनि देहाय अनुसार नै फार्म विस्तार गर्नुपर्नेछ।

(अ) फलफूल बाली- कम्तीमा १० रोपनी जग्गामा व्यवसायिक खेती गर्नुपर्ने।

(आ) तरकारी/पुष्प खेती- खुला जमिनमा कम्तीमा ५ रोपनी क्षेत्रफलमा व्यवसायिक खेती हुनुपर्ने। संरक्षित संरचना भित्र खेती गर्ने भएमा एग्रीनेट/हाईटेक/प्लाष्टिक घर कम्तीमा २०० वर्ग मिटर क्षेत्रफलमा निर्माण गरी व्यवसायिक खेती गर्नुपर्ने।

(इ) च्याउ खेती- कम्तीमा १००० वर्गफिट क्षेत्रफलमा स्थायी डोम हाउस निर्माण गरी कन्ये वा गोब्रे च्याउको नियमित उत्पादन गर्नुपर्ने। सिताके च्याउको लागि कम्तीमा ५०० मुढामा व्यवसायिक खेती गर्नुपर्ने।

(ई) मौरीपालन- कम्तीमा ३० मौरी गोला सहितको घारमा व्यवसायिक मौरी पालन गर्नुपर्ने।

(उ) अलैंची र चिया बाली- कम्तीमा २० रोपनीमा व्यवसायीक खेती गर्नुपर्ने।

(ऊ) कफी, अदुवा तथा बेसार र अन्य नगदेबाली- कम्तीमा १० रोपनीमा व्यवसायीक खेती गर्नुपर्ने।

## २. आर्थिक पक्ष

स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही देहायका कार्यहरुमध्ये कुनै एक वा एक भन्दा बढी कार्यका लागि कुल लागतको बढीमा ५० प्रतिशतसम्म अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

(क) व्यवसायिक फार्म स्थापनाका लागि आवश्यक मेशिनरी औजार तथा उपकरण खरिद।

(ख) उत्पादनका लागि आवश्यक संरचना निर्माण र सिंचाई व्यवस्थापन।

(ग) भर्मिकम्पोष्ट तथा कम्पोष्ट मल उत्पादन कार्य, बीउ तथा बेर्ना खरिद।

### ३. मूल्याङ्कनका आधारहरु

| क्र.सं. | मूल्याङ्कनका आधार | अङ्क भार |
|---|---|---|
| १ | **खेती गरिने क्षेत्रफल (उत्पादनको आकार)** | **२५** |
| (क) | व्यवसायको न्यूनतम आकारका लागि (फलफूल खेती- १० रोपनी वा तरकारी र पुष्प खेती- ५ रोपनी/२०० वर्गमिटर क्षेत्रफलमा बनाईएको संरक्षित संरचनामा व्यवसायिक खेती वा कन्ये/गोब्रे च्याउ- १००० वर्गफिट क्षेत्रफलको डोम हाउस भित्र खेती वा सिताके च्याउ- ५०० मुडामा खेती वा मौरीपाल-३० आधुनिक घारमा मौरीपालन वा अलैंची/चिया- २०- रोपनी क्षेत्रफल वा कफि, अदुवा/बेसार र अन्य नगदे बाली-१० रोपनी) १५ अंक र थप क्षेत्रफलका लागि न्यूनतम आकारमा प्रति १० प्रतिशतले बृद्धि गरेमा १ अंकका दरले थप गरी अधिकतम २५ अंकसम्म प्रदान गर्ने | २५ |
| २ | **सिँचाई सुविधा** | **१०** |
| (क) | सिँचाईको सुविधा भएको | १० |
| (ख) | सिँचाईको सुविधा व्यवस्था गर्न सकिने | ७ |
| ३ | **प्रत्यक्ष रोजगारी सिर्जना** | **१५** |
| (क) | एकाघरको बाहेक अन्य २ वा २ जना भन्दा बढीलाई रोजगारी दिने | १५ |
| (ख) | एकाघरको बाहेक अन्य १ जनालाई रोजगारी दिने | १२ |
| (ग) | स्वरोजगार हुने | १० |
| ४ | **अनुदानग्राहीको साझेदारी प्रतिशत** | **१०** |
| (क) | कुल लागतको ५० प्रतिशत मात्र लागत साझेदारी भएमा ५ अंक प्रदान गर्ने र थप लागत साझेदारी को लागि प्रति ५ प्रतिशत १ अंकका दरले थप गरी अधिकतम १० अंक प्रदान गर्ने। | १० |
| ५ | **प्रस्तावित जग्गाको उपयोग** | **१५** |
| (क) | वर्षैभरी जग्गाको उपयोग हुने | १५ |
| (ख) | वर्षमा जम्मा ४-८ महिना मात्र जग्गा उपयोग हुने | १० |
| (ग) | वर्षमा जम्मा एक सिजन मात्र जग्गाको उपयोग हुने | ५ |
| ६ | **अनुदानको अवस्था** | **१५** |
| (क) | हालसम्म कुनैपनि अनुदान प्राप्त नगरेको | १५ |
| (ख) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त नगरेको | १० |
| (ग) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गरेता पनि व्यवसाय विस्तारका लागि प्रस्ताव पेश गरेको । | ५ |
| ७ | **व्यवसायिक योजना सम्बन्धी प्रस्ताव** (नविनतम सोच, दिगोपना, बजारीकरण लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदन समेतका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १ देखि १० अंक सम्म प्रदान गर्न सक्ने) | **१०** |

| क्र.सं. | मूल्याङ्कनका आधार | अङ्क भार |
|---|---|---|
| | **जम्मा** | **१००** |

पुनश्चः मौरीपालन र च्याउ खेती व्यवसाय सम्बन्धी प्रस्तावहरुको मूल्यांकन गर्दा उल्लेखित आधारहरुमध्ये सिंचाई सुविधा र प्रस्तावित जग्गाको उपयोग बाहेकका सबै मूल्यांकनका आधारहरु अनुसार हुन आउने जम्मा ७५ अंकलाई पूर्णाङ्क मानी मूल्याङ्कन गर्नुपर्नेछ ।

**४. प्रस्तावसँग संलग्न गर्नुपर्ने कागजातहरुः**

(क) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा (१६) को उपदफा (३) बमोजिमका कागजातहरु।

(ख) समूह/सहकारीको बैठक निर्णय प्रतिलिपि,

(ग) प्रस्तावित क्षेत्रको जग्गाधनी पुर्जाको प्रतिलिपि र जग्गा करार/ लिजमा लिई कार्यक्रम संचालन गर्नेको हकमा न्यूनतम १० बर्षको लागि करार सम्झौताको प्रतिलिपि।

**५. प्रस्तावको ढाँचाः**

**क. आवेदकको संक्षिप्त परिचय**

| | |
|---|---|
| आवेदक संस्थाको नामः | ठेगानाः |
| कार्यक्रम संचालन गरिने स्थानको ठेगानाः | प्रोपाईटर/अध्यक्षको नामः<br><br>सम्पर्क नः |
| सम्पर्क व्यक्तिः<br><br>सम्पर्क नं | संलग्न हुने कृषक घरधुरी संख्याः |

ख) **सम्बन्धित खेती/व्यवसाय सम्बन्धी विवरण**

**खेती/व्यवसायको नामः ..........................................**

| क.सं. | हाल खेती गरिरहेको क्षेत्रफल | हालको उत्पादन | कार्यक्रम संचालनबाट थप हुने क्षेत्रफल/आकार | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

**ग) कुल अनुमानित उत्पादनः**

(घ) कुल रोजगारी सिर्जनाः

(ङ) संचालन हुने क्रियाकलापहरुः

| क.सं. | क्रियाकलाप विवरण | एकाइ | परिमाण | दर | जम्मा लागत | कार्यालयको अनुदान | प्रस्तावकको साझेदारी रकम |
|---|---|---|---|---|---|---|---|
| क. | लागत साझेदारीमा संचालन हुने | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ख. | आफ्नै लगानीमा संचालन हुने | | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| | जम्मा | | | | | | |

(च) माग गरेको जम्मा अनुदान रकमः

(छ) अन्य व्यवसायिक योजनाः

- नविनतम सोच (खेती/व्यवसाय सम्बन्धी कुनै नयाँ सोच/प्रविधि अपनाउने भए उल्लेख गर्नुहोस)

- बजार योजना (उत्पादनको बजारीकरण कहाँ र कसरी गर्नुहुन्छ?)

(ज) अन्य विषय केही भए उल्लेख गर्नुहोस्ः